मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९. फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २१२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन २८ गते बुधबार ❑ 13 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## कांग्रेसले सहिदलाई सधैँ सम्मान गर्छ : सभापति देउवा

पोखरापत्र संवाददाता
तनहुँ, २७ साउन

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले कांग्रेसले सधैँ सहिदको उच्च सम्मान गर्ने बताउनुभएको छ।

सहिद कल्याण खनालको २३ औँ स्मृति दिवसको अवसरमा तनहुँको भिमाद नगरपालिका-६ मा मंगलबार आयोजित स्मृतिसभामा सभापति देउवाले सहिदको योगदानकै कारण पार्टी आजको स्थितिसम्म आइपुगेको बताउँदै सहिदलाई कहिल्यै बिर्सन नहुने बताउनुभयो। सभापति देउवाले भन्नुभयो, "पार्टीका लागि सहिद भएकाको परिवारलाई पार्टीले



सधैँ हेर्छ। उच्च मूल्याङ्कन गर्छ।" उहाँले विसं २००७ देखि नै लोकतन्त्रका लागि तनहुँबाट धेरैले ज्यान गुमाएको स्मरण गर्दै देशका लागि ज्यान गुमाउनेहरूको रगत खेर जान नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "त्यस्तै बलिदान दिनेमध्ये सहिद कल्याण खनाल हुनुहुन्थ्यो। देशका लागि जीवन बलिदानी दिने साथीहरूले देखाएको बाटोमा अगाडि बढ्नुपर्छ। उहाँहरूले देखाएको बाटोमा अगाडि बढेमात्रै सहिदप्रति सच्चा सम्मान हुनेछ।" सभापति देउवाले सहिद कल्याण खनाललाई व्यक्तिगत रूपमा चिनेको बताउँदै तत्कालीन अवस्थामा उहाँले आफूलाई धेरै सहयोग गरेको स्मरण गर्नुभयो।

सो अवसरमा सभापति देउवाले सहिद कल्याण खनालको सम्झनामा निर्माण गरिएको अर्धकदको सालिकको अनावरण गर्नुभएको थियो।

नेपाली कांग्रेसका तत्कालीन नेता स्व खनालको विसं २०५९ साउन २७ गते तत्कालीन विद्रोही समूहले हत्या गरेका थिए। स्व खनालको योगदानको सम्झनाका लागि यहाँ सालिक निर्माण गरिएको नेपाली कांग्रेस तनहुँका सचिव लक्ष्मीभक्त खनालले जानकारी दिनुभयो।

## शान्ति प्रक्रियाको नायक कांग्रेस हो: स्वास्थ्यमन्त्री पौडेल

पोखरापत्र संवाददाता
दमौली, २७ साउन

नेपाली कांग्रेसका नेता एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले शान्ति प्रक्रियाको नायक कांग्रेस रहेको बताउनुभएको छ।

कांग्रेस तनहुँले सहिद कल्याण खनालको २३ औँ स्मृति दिवसका अवसरमा मंगलबार भिमाद नगरपालिका-६ मा आयोजना गरेको स्मृति सभामा उहाँले विगतदेखि नै विद्रोही समूहलाई शान्ति प्रक्रियामा ल्याउन कांग्रेसले प्रमुख भूमिका निर्वाह गरेको उल्लेख गर्नुभयो।

मन्त्री पौडेलले भन्नुभयो, "कांग्रेसले हिंसालाई स्वीकार गर्दैन। त्यसैले हामीमाथि नै आक्रमण गर्नेसँग मिलेर शान्ति ल्याउने कोसिस गरेका थियौँ, तर आज पनि उही प्रश्न अनुत्तरित छ कल्याण खनालहरू किन मारिएका थिए ?" लोकतन्त्रका लागि तनहुँबाट धेरै जना सहिद भएको स्मरण गर्दै पौडेलले कांग्रेसमा लागेकै कारण अकालमा ज्यान



गुमाउनुपरेको र ज्यान लिनेले पनि त्यसको जवाफ दिन नसकेको चर्चा गर्नुभयो। कांग्रेसले कल्पना गरेको वास्तविक सदस्य स्व खनाल भएको भन्दै उहाँले पार्टीमा उहाँजस्तै सदस्य हुनुपर्ने बताउनुभयो। पार्टी केन्द्रीय सदस्य पौडेलले भन्नुभयो, "खनाल संस्कार भएको, व्यवहार गर्न जानेको व्यक्ति हुनुहुन्थ्यो। उहाँको त्याग र सङ्घर्षलाई हामी सबैले अवलम्बन गर्नुपर्छ।"

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य शङ्कर भण्डारी, तनहुँ क्षेत्र नं २ का सभापति चूडामणि खनाल, प्रदेश २ (१) का सभापति जितराज राना, सहिद खनालका धर्मपत्नी इन्दिरा खनाललगायतले स्व खनालको योगदानबारे चर्चा गर्नुभएको थियो। सहिद कल्याण खनाल स्मृति प्रतिष्ठानले भीमाद नगरपालिका-७ प्रहरीचौकी नजिक सहिद खनालको अर्धकदको सालिक निर्माण गरेको छ। प्रतिष्ठानका अध्यक्ष रमेशचन्द्र सुवेदीले यस ठाउँलाई सहिद उद्यानको रूपमा विकास गरिने जानकारी दिनुभयो। यसैगरी मन्त्री पौडेलले आजै तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रको निरीक्षण गर्नुभएको छ। त्यस अवसरमा उहाँले अस्पतालका बोर्ड सदस्य, चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीसँग भेटघाट, छलफल गरी गुनासो सुन्नुभएको थियो।

मन्त्री पौडेलले अस्पताललाई विशिष्टीकृत अस्पताल बनाउने प्रक्रिया सुरु गरिसकिएको भन्दै सो योजना सम्पन्न भए नेपाल बाहिरबाट पनि उपचारका लागि आउनेहरू बढ्ने विश्वास व्यक्त गर्नुभयो। उहाँसँगै प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीलगायत पनि अवलोकनमा उपस्थिति हुनुहुन्थ्यो। सरकारले पूर्वप्रधानमन्त्री स्व गिरीजाप्रसाद कोइरालाको नाममा राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो। दक्षिण एसियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रको रुपमा स्थापना गर्ने लक्ष्यअनुसार शुक्लागण्डकी नगरपालिकाको बेलचौतारामा ७४० रोपनी जग्गा उपचार केन्द्रको नाममा प्रदान भइसकेको छ।

## पोखरामा शुक्रबार 'पोखरा डिजाईनर्स फेसन वीक' हुने

पोखरापत्र संवाददाता
पोखरा, २७ साउन

पोखरामा आउँदो शुक्रबार ऱ्याम्प, ग्ल्यामर र सिर्जनशीलताको केन्द्र बन्ने भएको छ।

बुटिक एशोसिएसन नेपालको आयोजनामा आगामी शुक्रबारदेखि 'पोखरा डिजाईनर्स फेसन वीक-२०२५' सुरु हुँदैछ। मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलन मार्फत आयोजकले यसबारे जानकारी दिएका हुन्। एशोसिएसनका अनुसार फेसन वीकमा स्थानीय तथा राष्ट्रिय स्तरका ख्यातिप्राप्त डिजाइनरहरूले आफ्ना नवीनतम कलेक्सन प्रस्तुत गर्नेछन्। कार्यक्रममा विशेष रूपमा स्थानीय कपडा, परम्परागत ढाँचा र आधुनिक फेसन ट्रेन्डको संयोजनमार्फत नयाँ र आकर्षक डिजाइन प्रदर्शन गरिनेछ।

आयोजक बुटिक एशोसिएसन नेपालकी अध्यक्ष सुस्मा थापा पाण्डेले यो कार्यक्रम डिजाइनरहरूको सिर्जनशीलता प्रदर्शन गर्ने मात्र नभई फेसन उद्योगको प्रवर्द्धन, बजार विस्तार र अन्तर्राष्ट्रिय पहिचानमा समेत योगदान पुऱ्याउने विश्वास व्यक्त गरिन्। "यो फेसन वीकले डिजाइनरहरूलाई नेटवर्किङ, नयाँ ट्रेन्ड सिक्ने र बजारसम्म पुग्ने अवसर प्रदान गर्नेछ," उनले भनिन्। कार्यक्रमका शो-टपरमा नेपाली फेसन जगत्का चर्चित नामहरू–करिश्मा मानन्धर, अञ्जना बराइली, सनिशा भट्टराई, राजकुमार सिंह, कृशल श्रेष्ठ, सुवेक्षा खड्का, मिरा कक्षपति र प्रेरणा लामा सहभागी हुने एशोसिएसनकी सचिव कमला गुरुङले जानकारी दिइन्। बुटिक एशोसिएसन नेपालकी इन्दिरा लामिछानेका अनुसार यो फेसन वीक नेपाली फेसन उद्योगलाई विश्व बजारमा चिनाउन एक महत्वपूर्ण मञ्च बन्नेछ। "हामी नेपाली पहिरनलाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न प्रतिबद्ध छौं," उनले भनिन्। २०७४ सालमा स्थापना भएको बुटिक एशोसिएसन नेपाल पहिरन तथा फेसन डिजाइन क्षेत्रमा पेशागत दक्षता, मौलिकता र व्यवसायिक हितको संरक्षणका लागि सक्रिय रहँदै आएको संस्था हो। पोखरा डिजाईनर्स फेसन वीक-२०२५ ले पोखराको कला, संस्कृति र सिर्जनशीलतालाई अन्तर्राष्ट्रिय मञ्चमा चम्काउने अपेक्षा गरिएको छ।

## स्याङ्जामा भेटियो सात कुष्ठरोगी

पोखरापत्र संवाददाता
पोखरा, २७ साउन

स्याङ्जामा गएको आर्थिक वर्ष २०८१/०८२ मा आठ जना नयाँ कुष्ठरोगका बिरामी फेला परेका छन्। पुतलीबजार र चापाकोटमा दुई/दुई जना बिरामी फेला पर्दा वालिङमा तीन जना कुष्ठरोगी फेला परेका हुन्।

अघिल्लो वर्ष २०८०/०८१ पुतलीबजार, चापाकोट र वालिङ दुई/दुई जना गरी छ जना कुष्ठरोगका बिरामी भेटिएका थिए। जिल्लामा हाल नौ जना कुष्ठरोगले औषधी सेवन गरिरहेको प्रदेश जन स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत केशव चापागाईले बताए। जिल्लाका ११ मध्ये आठ पालिका भने कुष्ठरोगका बिरामी नभेटिएको चापागाईले बताए।

## गुरुङ समुदायमा मनाइयो ट्होर्टें

पोखरापत्र संवाददाता
पोखरा, २७ साउन

साउनको अन्तिम मङ्गलबार अर्थात् गुरुङ समुदायको मौलिक पर्व ट्होर्टें मनाउने दिन। बर्सेनि साउन र चैतको अन्तिम मङ्गलबार गण्डकी प्रदेशका गुरुङ बाहुल्य बस्तीमा यस पर्वलाई उल्लासपूर्वक मनाउने गरिन्छ। परापूर्वकालमा तमु राज्य जोगाउन बैरीलाई सीमा कटाएको सम्झनास्वरूप ट्होर्टें पर्वको सुरूआत भएको मानिन्छ।

गुरुङ सभ्यतासँग जोडिएको ट्होर्टें पर्व एक हजार ५०० सय वर्षदेखि अस्तित्वमा रहेको तमु धिँ नेपालका केन्द्रीय सदस्य एवं भाषा तथा संस्कृति विभागका प्रमुख कृष्णकुमार गुरुङले बताउनुभयो। आदिमकालमा गुरुङहरू गुफा, गोठहुँदै बस्ती विकासको सभ्यतामा आएपछि यो पर्वको सुरूआत भएको उहाँको भनाइ छ। "बस्ती विकास हुँदै तमु राज्य स्थापनाको बेलामा आइपुग्दा ट्होर्टें पर्वले अझ व्यापकता पाउँदै गयो", प्रमुख गुरुङले भन्नुभयो, "ट्होर्टें गुरुङ बस्ती र राज्यमा दुःख दिने शत्रुवैरीलाई धपाउनका लागि तन्त्रमन्त्र गरेर मनाइने पर्व हो, यो गुरुङहरूको सभ्यता, संस्कृति र पहिचानसँग जोडिएको मौलिक पर्व हो।" तमु धिँ नेपालका अध्यक्ष हुम गुरुङका अनुसार गुरुङ भाषामा ट्हो भनेको राज्य वा गाउँबस्ती र टेँ भनेको राज्यलाई दुःख दिने शत्रुबैरीलाई सीमा नघाएर राज्य सुरक्षित गरेको अर्थमा लिने गरिएको छ। "कबिलाकालदेखि नै तमु (गुरुङ)का स-साना राज्य रहेको र त्यहाँबाट बैरी धपाउन पितापूर्खाहरूले ट्होर्टें पर्वको प्रचलन बसेको मान्यता गुरुङ समुदायमा छ", उहाँले भन्नुभयो। धमु धिँ नेपालको अगुवाइमा यस पर्वलाई विसं २०५२ देखि व्यवस्थित रूपमा मनाउन थालिएको अध्यक्ष गुरुङले बताउनुभयो। ट्होर्टेंमो प्रकृति पूजा गर्ने चलन रहेको उहाँको भनाइ छ।


यस पर्वमा गुरुङहरू आफ्ना परम्परागत बाजागाजासहित जातीय पहिरनमा सजिएर झाँकीमा सहभागी हुने गर्छन्। ट्होर्टेंमा घाटु, सोरठी, चुट्का, कृष्ण चरित्रलगायत मौलिक संस्कृति प्रदर्शन गरिन्छ। यस पर्वमा गुरुङ जातिले प्रयोग गर्ने पुराना हातहतियार, पोसाक, बाजा, झ्याली, चोपडी, सुलाची, चिम्टालगायत सामग्री पनि प्रदर्शन गर्ने गरिएको छ। यस पर्वका दिन राति समूहमा बाजागाजा बजाउँदै गाउँ डुल्ने चलन डुल्दा राक्षस र भूतप्रेत भाग्छन् भन्ने किम्बदन्ती छ।

ट्होर्टेंमा आफ्ना पितृको स्मरण सँगसँगै प्रकृतिको पूजाआजा गर्ने चलन रहेको छ। गुरुङ राज्य र गाउँबस्तीमा कसैले आक्रमण नगरोस्, दुःख नदेओस् भनेर ट्होर्टें पर्व मनाउन सुरू गरिएको गुरुङ समुदायको इतिहासमा उल्लेख छ। यो पर्व मनाउनाले गाउँलेको भलो हुने खेतीबाले सप्रने, रोगव्याधि हट्ने र प्राकृतिक विपत्ति नआउने जनविश्वास रहेको छ।

यस वर्षदेखि चैतमा सामूहिक रूपमा र साउनमा गुरुङ गाउँ र समाज घरमा अलगअलग रूपमा ट्होर्टें मनाउन सुरू गरिएको अध्यक्ष गुरुङले बताउनुभयो। पोखरासहित यस क्षेत्रका एक सय ४८ गुरुङ गाउँ र समाजघरमा आज ट्होर्टें मनाइएको उहाँको भनाइ छ। पोखरास्थित धमु धिँ नेपालको केन्द्रीय कार्यालय परिसरमा सांस्कृतिक झाँकीसहित शुभकामना आदानप्रदान गरेर यो पर्व मनाइएको हो। सोही अवसरमा जयबहादुर गुरुङको स्मृतिमा स्थापित अक्षयकोषबाट १६ जना दीर्घरोगीलाई रु २५ हजारका दरले उपचार खर्च प्रदान गरिएको थियो। रु एक करोड एक सय ५१ को उक्त अक्षयकोषबाट अहिलेसम्म ६३ जनालाई रु ३१ लाख ३४ हजार प्रदान गरिसकिएको छ।

गण्डकी प्रदेशका विभिन्न जिल्लाबाट पोखरा झरेका गुरुङहरूले ट्होर्टें पर्वलाई संरक्षण गरेका छन्। चैतको अन्तिम मङ्गलबार पनि मनाइने ट्होर्टें पर्वमा भने पोखरामा बृहत् सांस्कृतिक झाँकी प्रदर्शन गर्ने गरिएको छ। यो पर्व प्रकृति र संस्कृतिसँग जोडिएको उहाँको भनाइ छ। चैतमा उभौली र साउन उधौलीका रूपमा यो पर्वलाई मनाउने गरिन्छ।

ट्होर्टेंले सामाजिक एकता र भातृत्वको सन्देश दिने अन्नपूर्ण गाउँपालिकाका-९ का वडाध्यक्ष रमेश गुरुङले बताउनुभयो। ट्होर्टें पर्वले तुम समुदायलाई आफ्नो इतिहासको पनि स्मरण गराउने गरेको उहाँको भनाइ छ। विसं २०४२ मा तमु धिँ नेपाल गठन भएपछि पोखरामा गुरुङ संस्कृति र संस्कारको जगेर्नामा यो समुदाय जागरुक बनेको हो। ट्होर्टेंका अवसरमा कास्कीको माछापूछ्रे, अन्नपूर्ण र मादी गाउँपालिकाले मंगलबार सार्वजनिक बिदा दिएको छ।

# अन्तर्राष्ट्रिय युवा दिवसमा पोखरा-२२ मा लागूऔषध, मदिरा दुरुपयोग नियन्त्रण र सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २७ साउन

अन्तर्राष्ट्रिय युवा दिवस २०८२ को अवसरमा पोखरा महानगरपालिका-२२ वडा युवा परिषदको आयोजनामा मङ्गलबार "लागूऔषध तथा मदिरा दुरुपयोग नियन्त्रण र व्यक्तिगत सरसफाइ" विषयक विशेष सचेतना कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रम पोखरा-२२, भुम्दीस्थित श्री ओखलेडाँडा भुम्दीकोट माध्यमिक विद्यालयमा आयोजना गरिएको थियो, जहाँ कक्षा ७, ८, ९ र १० का गरी करिब ६० जना विद्यार्थी तथा युवाहरूको सक्रिय सहभागिता रहेको थियो । वडा युवा परिषद-२२ का अध्यक्ष दिनेश बरालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमका प्रमुख अतिथि पोखरा-२२ का वडा अध्यक्ष हिमलाल बराल, विशेष अतिथि वडा सदस्य कृष्णकुमारी देवकोटा, नगर युवा परिषदका कार्यकारी उपाध्यक्ष सन्तोष न्यौपाने, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिलकाजी गुरुङ, सामाजिक अभियन्ता तथा प्रशिक्षक विकास पहारी, परिषद् सदस्य सुदिप बिक लगायतको उपस्थिति थियो । कार्यक्रममा बोल्दै अध्यक्ष बरालले युवाहरूलाई लागूऔषध र मदिरा जस्ता कुलतबाट टाढा रहँदै स्वस्थ जीवनशैली अपनाउन आह्वान गर्नुभयो। उहाँले यस्ता सचेतनामूलक कार्यक्रमहरूले समाजलाई सकारात्मक दिशामा अघि बढाउन प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभयो । विशेष अतिथि कृष्णकुमारी देवकोटाले युवाहरूले आफ्नो क्षमता र ऊर्जा सामाजिक रूपान्तरणमा प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रशिक्षण सत्रमा नगर युवा परिषदका कार्यकारी उपाध्यक्ष सन्तोष न्यौपानेले "लागूऔषध दुरुपयोगका जोखिम र निवारण", प्रशिक्षक विकास पहारीले "मदिराको स्वास्थ्य तथा सामाजिक असर" र प्रसन्न बरालले "व्यक्तिगत सरसफाइको महत्त्व" विषयमा प्रस्तुति दिनुभयो। सहभागीहरूलाई प्रश्न-उत्तर तथा अन्तर्क्रियामार्फत प्रत्यक्ष संलग्न गराइएको थियो ।

समापन सत्रमा विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षले आफ्नो विद्यालयमा यस्तो उपयोगी कार्यक्रम आयोजना गर्न पाउँदा खुशी व्यक्त गर्दै वडा युवा परिषद-२२ प्रति धन्यवाद ज्ञापन गर्नुभयो । वडा युवा परिषद-२२ ले आगामी दिनमा पनि युवाको नेतृत्व विकास, स्वास्थ्य र सामाजिक सचेतना वृद्धि गर्ने उद्देश्यका साथ यस्ता कार्यक्रम निरन्तर सञ्चालन गर्ने प्रसन्न बरालले बताउनु भयो ।

# पोखराको लेकसिटी कलेजमा विद्यार्थीका लागि 'पढ्दै कमाउदैँ' परियोजना शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २७ साउन



पोखराको लेकसिटी कलेज एण्ड रिसर्च सेण्टरले आफ्ना विद्यार्थीहरुका लागि नयाँ कार्यक्रम 'पढ्दै कमाउदैँ' परियोजना शुरु गरेको छ । परियोजना अन्तर्गत कलेजका विद्यार्थीहरुले पोखराका विभिन्न संघसंस्था र समुदायमा पुगेर व्यवहारिक ज्ञान र सीप सिक्ने छन्। उनीहरुलाई लेकसिटी कलेजले पारिश्रमिक उपलब्ध गराउने छ।

मंगलबार कलेज परिसरमा आयोजित कार्यक्रममा परियोजनामा सहभागी विद्यार्थीहरुलाई नियुक्तीपत्र प्रदान गरिएको छ । परियोजनामा लेकसिटी कलेजका ६ जना विद्यार्थीहरु नियुक्त भएका छन्। स्नातक तहको विएएसडब्लु र विविएस तर्फका विद्यार्थीहरु पौसली गुरुङ, अनिशा सुनार, सम्झना भट्टराई, सुलभ पुन, प्रशंसा कायस्थ र श्रीजा श्रेष्ठ नियुक्त भएका छन् । उनीहरु मंगलबारदेखि नै पोखरा कार्यक्षेत्रमा खटिएका हुन्। विद्यार्थीहरुले पोखराका विभिन्न संघसंस्था र समुदायमा पुगेर अध्ययन र अनुसन्धान गर्नेछन् ।

कलेज संचालक समिति अध्यक्ष प्रा. डा. विश्वकल्याण पराजुलीले विद्यार्थीले सैद्धान्तिक ज्ञान मात्र होइन व्यवहारिक ज्ञान र सीप पनि सिक्नुपर्छ भन्ने अवधारणा अनुसार नयाँ कार्यक्रम शुरु गरेको जानकारी दिएका छन्। 'विद्यार्थीलाई सैद्धान्तिक कुरा कसरी व्यवहारमा उतार्ने भन्नका लागि कार्यक्षेत्रमै पठाएर काम गर्ने तरिकाहरु सिकाउनका लागि हामीले यो परियोजना शुरु गरेको हौं', अध्यक्ष प्रा. डा. पराजुली भन्छन् । नयाँ परियोजना विद्यार्थीहरुका लागि ज्ञान र सीप सिक्ने प्लेटफर्म बन्ने उनको विश्वास छ । त्यसैगरी सोही कार्यक्रममा कलेजका क्याम्पस प्रमूख नारायण कुमार श्रेष्ठले विद्यार्थीहरुलाई उत्प्रेरित गर्ने दृष्टिकोणले पढ्दै कमाउँदै परियोजना शुरु गरिएको बताए । क्याम्पस प्रमूख श्रेष्ठका अनुसार आगामी दिनमा यो परियोजनालाई कलेजले निरन्तरता दिने छ । विद्यार्थीहरुलाई कलेज भोलेन्टर पदमा नियुक्त गरिएको हो । उनीहरु कलेजका दुतका रुपमा लेकसिटीका नियमित कार्यहरुमा समेत सहभागी हुनेछन् । कलेजमा अध्ययन अनुसन्धानमा समेत उनीहरुले सहयोग गर्ने सहायक क्याम्पस प्रमूख शोभाकान्त सिग्देलले बताएका छन् । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त लेकसिटी कलेज २०६४ मा स्थापना भएको हो। हाल कलेजमा तीन सय ५० विद्यार्थी अध्ययनरत छन् ।

कलेजले शैक्षिक गतिविधिका अलावा अध्ययनरत विद्यार्थीलाई सहभागी गराएर विभिन्न कार्यक्रम वार्षिक रुपमा गर्दै आइरहेको जनाएको छ । रक्तदान, वृक्षरोपण, शैक्षिक भ्रमण तथा अवलोकन जस्ता कार्यक्रमलाई निरन्तरता दिएको बताइएको छ । लेकसिटीस्थित सामाजिक विज्ञान केन्द्रले विभिन्न विषयमा मौलिक प्रस्तुतिका रुपमा हरेक महिना कचहरी कार्यक्रम गर्दै आएको छ। कलेजले स्नातक तहमा व्यवस्थापन तर्फ बीबीएस र मानविकी तर्फ पत्रकारिता तथा आमसञ्चार, समाजशास्त्र, अंग्रेजी साहित्य र बिएएसडब्लु (समाजिक कार्य) विषयमा पठनपाठन गर्दै आएको छ।

# कञ्चन पत्रकारिता पुरस्कारबाट पत्रकार राम गुरुङ र कैलाशबाबु श्रेष्ठ सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २७ साउन

कञ्चन पत्रकारिता पुरस्कार २०८२ बाट कास्कीका फोटो पत्रकार राम गुरुङ र गोरखाका पत्रकार कैलाशबाबु श्रेष्ठ (सुशिल) सम्मानित भएका छन् ।

पोखराका व्यवसायी बिमलमान गुभाजू तथा उनको परिवारद्धारा आमा स्व.नेत्रकुमारी गुभाजू तथा बाबा स्व.वेदमान गुभाजूको स्मृतिमा स्थापना गरिएको उक्त पुरस्कार नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकीले मंगलबार पत्रकार गुरुङ र श्रेष्ठलाई प्रदान गरेको हो । पुरस्कृत पत्रकारहरुलाई पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, पुरस्कार दाता बिमलमान गुभाजु र उनको परिवार, फोनिज गण्डकी अध्यक्ष खिमा कुमारी गुरुङ लगायतले दोसल्ला, सम्मान पत्र र नगद २५ हजार रुपैयाँसहित सम्मान गरेका हुन् ।



फोनिज स्थापना दिवसका अवसरमा पत्रकारितामा क्रियाशील रहेर काम गरिरहेका २ जनालाई हरेक यो पुरस्कार प्रदान गर्दै आइरहेको छ । सोही अनुसार २६ औं स्थापना दिवसका अवसरमा यो वर्ष पोखराका फोटोपत्रकार गुरुङ र गोरखाका पत्रकार श्रेष्ठ सम्मानित भएका हुन् । कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख आचार्यले २६ वर्ष अगाडि स्थापना भएको संस्थाले आदिवासी जनजाति पत्रकारहरुलाई उत्प्रेरणा प्रदान गर्ने काम गरिरहेका बताए । फोनिजमा आवद्ध पत्रकारहरुले पत्रकारिता क्षेत्रको विकास गर्दै आदिवासी जनजाति समुदायका लागि सकारात्मक परिवर्तनको सन्देश दिने सामाचार सामाग्री तयार गर्नुपर्ने उनको सुझाव थियो । प्रमुख आचार्यले पुरस्कृत पत्रकारहरुलाई बधाई दिदै पुरस्कार प्राप्त गर्नु कुनै एकदिनको कर्मको फल नभएको बताए । निरन्तरको मेहनतले मात्र पुरस्कार र सम्मान प्राप्त गर्न सकिने उनको भनाई थियो । 'पुरस्कार प्राप्त गर्नु चुनौती हो, फोनिजले यसलाई निरन्तरता प्रदान गरेको छ र पुरस्कृत व्यक्तिलाई प्रोत्साहन हो,' उनले भने, 'यस्ता पुरस्कारले पत्रकारिता क्षेत्रमा निरन्तरता दिन अझै हौसला मिल्छ ।'

सम्मानित पत्रकार श्रेष्ठले कार्यक्रममा आफ्नो भनाई व्यक्त गर्दै पहिले र अहिलेको पत्रकारिता पेसामा धेरै परिर्वतन आइसकेको बताए । आफूहरुको पुरानो अनुभव हालका नयाँ पुस्तालाई कथा जस्तो लाग्न सक्ने समेत उनको भनाई छ । अर्का सम्मानित फोटो पत्रकार गुरुङले पुरस्कारले पत्रकारिता क्षेत्रमा निरन्तर लाग्न प्रोत्साहन मिलेको बताए । गण्डकी प्रदेशका प्रेस रजिष्ट्रार बिमला भण्डारीले पत्रकारिता क्षेत्रमा रहेर पत्रकारले निष्पक्ष ढंगले पारदर्शितापूर्ण काम गर्नुपर्ने बताइन् । प्रेस रजिष्ट्रार कार्यालयले संविधानको मर्म अनुसार केन्द्रमा गए मात्रै हुने काम गण्डकी प्रदेशबाटै हुने गरेर अगाडि बढिरहेको उनले जानकारी दिएकी छिन् । पत्रकारिता क्षेत्रको सृवृद्धिका लागि गण्डकी प्रदेशमा प्रेस रजिष्ट्रार कार्यालयको स्थापना भएको भण्डारीको भनाई थियो । फोनिजभित्रको एकताबाट सबैले सिक्नुपर्ने भण्डारीले बताइन् । ' विभिन्न आस्था र विचार भएपछि फोनिजभित्र प्रवेश गरेपछि एकरुप देख्छु,' उनले भनीन्, 'यसबाट गैर फेनिजकर्मीले समेत सिक्नुपर्छ ।' प्रेस रजिष्टार कार्यालय फोनिज गण्डकी प्रदेशसंग मिलेर पत्रकारिता क्षेत्रमा काम गर्न तयार रहेको उनले बताएकी छिन् ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मी, पोखरा महानगरपालिका वडा नम्बर २५ का अध्यक्ष तथा पोखरा महानगरपालिकाका प्रवक्ता मोतीलाल तिमिल्सिना, नेपाल आदिवासी जनजाति महासंघ गण्डकी प्रदेश परिषदका उपाध्यक्ष खीम छन्त्याल आदिवासी जनजातिको मुद्दा उठानमा फोनिजमा आवद्ध पत्रकारहरुले ख्याल राख्नुपर्ने बताएका थिए । कार्यक्रममा पुरस्कारदाता बिमलमान गुभाजू र प्रेस रजिष्ट्रार बिमला भण्डारीलाई समेत दोसल्लाले सम्मान गरिएको थियो। फोनिज गण्डकीका इन्चार्ज तथा छनौट समितिका सदस्य रुद्र श्रीष मगरले पुरस्कृत व्यक्तित्वको परिचय दिएको कार्यक्रम फोनिज गण्डकी प्रदेशका अध्यक्ष खीमा गुरुङको अध्यक्षतामा भएको थियो । कार्यक्रममा फोनिज गण्डकीका उपाध्यक्ष धनबहादुर गुरुङ (सुमन) ले स्वागत मन्तव्य र सञ्चालन फोनिज गण्डकीका महासचिव सुरज थापा मगरले गरेका थिए । २०७७ सालबाट स्थापित कञ्चन पत्रकारिता पुरस्कारबाट योभन्दा अगाडि रुद्र हितान मगर, राजेशचन्द्र राजभण्डारी, शान्ति गुरुङ, केबी रानामगर, उदयबहादुर अमात्य, आश गुरुङ, हुमबहादुर गुरुङ, सुन्दर कुमार थकाली, दीपेन्द्र श्रेष्ठ र कमला राना सम्मानित भइसकेका छन् । फोनिज स्थापना दिवसका अवसरमा फोनिज गण्डकी र फोनिज कास्कीले ३ दिवसीय कार्यक्रम गरी भव्यताका साथ मनाएको छ। यस अन्तर्गत साउन २५ गते मिडियामा आदिवासी जनजाति समावेशिताको सवाल विषयक फोनिज संवाद, २६ गते पत्रकार महिला, पुरुष र भेट्रान्स फुटसलसँगै रस्साकस्सी प्रतियोगिता आयोजना गरिएको थियो ।

# रातोपैह्रामा पहिलो पटक सामुहिक लाखे नाच प्रदर्शन

**पोखरापत्र संवाददाता**
पोखरा, २७ साउन



पोखरा महानगरपालिका वडा नं. १७ रातोपैह्रामा पहिलो पटक सामुहिक लाखे नाच प्रदर्शन गरिएको छ । रातोपैह्रा लाखे खलः द्धारा आयोजना गरिएको सो कार्यक्रममा विभिन्न स्थानका छ वटा लाखे नाच प्रदर्शन गरिएको थियो ।

अन्तराष्ट्रिय पर्वतीय संग्रहालयको पर्खाल वाहिरको खाली जग्गामा स्थानीय पहलमा निर्माण गरिएको चौतारामा प्रदर्शन गरिएको लाखे नाच हेर्नका लागि विभिन्न स्थानबाट हजारौको संख्यामा दर्शकहरुको उपस्थिति रहेको थियो । पोखराका नेवार समुदायले घण्टाकर्णदेखि श्रीकृष्ण जन्माष्टमी पर्वसम्म पन्ध्र दिन प्रदर्शन गरिने यो नाचमा विशेष गरि ढोलक झ्याम्टाको जिउनै थर्किने आवाजमा मुखुट लगाएका डरलाग्दा ठूला अनुहार र झ्याप्प परेको बाक्लो कपाल भएका रातो जामा र लुगा लगाएर घँगलाको आवाज निकाल्दै बजारमा लाखे प्रस्तुत गरिदै आएको छ । पछिल्लो समय यो नाचप्रति वालवालिका, युवा र जेष्ठनागरिक सहित तिनै पुस्ताको आकर्षण बढेको छ । मुखुण्डो लगायर कालिकाको वस्त्रसहित सिंगारेर लाखे नचाउने गरिन्छ । भूतप्रेत नलागोस र मरेको आत्माले दुःख नदिउन् भनी यो नाच देखाउने परम्परालाई जिवित राख्ने लक्ष्यका साथ लाखे प्रदर्शन गरिएको रातोपैह्रा लाखे खलःका संरक्षक ध्रुव कुमार ठुसाजुले जानकारी दिनुभयो । लाखे नाच प्रस्तुत गर्न आर्थिकरुपमा त्यती सहज नभएपनि विभिन्न संघसंस्था र व्यक्तिहरुको सहयोग रहदै आएको बताउँदै उहाँले भन्नुभयो, रातोपैह्रा लाखे खलःको लागि हालसम्म आवश्यक सामाग्री खरिदको लागि सात लाख भन्दा बढी खर्च भई सकेको छ । पोखरा महानगरपालिका वडा नं. १७ वडाअध्यक्ष राधिका शाही योगीले मैत्रीपूर्ण लाखे नाचको शुभारम्भ गर्दै संस्कृतिको संरक्षणमा पोखरेली नेवार समुदायले महत्वपूर्ण भूमिका खेल्दै आएको बताउनुभयो। बजारमा गएर हेर्नुपर्ने लाखेनाच यस वर्ष रातोपैह्रामा प्रदर्शन गर्दा स्थानीय वासिन्दालाई सहज भएको उहाँको भनाई थियो । पोखरा ८ का पूर्व जनप्रतिनिधि एवम् नेवार समुदायका अग्रज कृष्णमान ठुसाजुले मल्लकाली युगमा काठमाडौ उपत्यकाबाट शुरु भएको लाखेनाच पछिल्लो समय मुलुकका नेवार समुदायको वसोवास भएका सवै स्थानमा प्रदर्शन हुने गरेको बताउनुभयो । काठमाडौं, भक्तपुर, ललितपुरका मल्ला राजाहरुले देवी-देवता पूजा र नगरको सुरक्षासंग सम्वन्धित धार्मिक, सांस्कृतिक कार्यक्रमहरुलाई प्रोत्साहन दिंदा लाखे नाचको परम्परा सुरु र स्थापित भएको किम्मदन्ति रहेको उहाँले बताउनुभयो । सफल सुवेदीले सञ्चालन गर्नुभएको कार्यक्रमा कुमारी नृत्य, विभिन्न समुदाय र तहका मिस नेपाल हुन सफल कलाकारहरुद्धारा मनोरञ्जन नृत्य प्रस्तुत गरिएको थियो। लाखे नाचमा युवादेखि बालकहरुको सहभागिताले संस्कृतिको पुस्तान्त्रणमा समेत सहयोग पुग्ने यस क्षेत्रका जानकार हरुको सामुहिक धारणा रहेको छ।

# देशभर ९१ प्रतिशत धान रोपाइँ

**रासस**
काठमाडौं, २७ साउन

देशभर ९१ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ। गत वर्ष सोही अवधिको तुलनामा आठ प्रतिशतले बढी रोपाइँ भएको थियो ।

देशभर करिब १२ लाख ५४ हजार हेक्टर क्षेत्रफल जमिनमा रोपाइँ सम्पन्न भएको छ । मुलुकभरि करिब १४ लाख हेक्टर जमिन योखीयोग्य रहेको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ।

सुदूरपश्चिममा सबैभन्दा बढी ९९ दशमलव सात, कर्णाली र लुम्बिनी प्रदेशमा ९८ प्रतिशत रोपाइँ सम्पन्न भएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार भदौ दोस्रो सातासम्म ९८ प्रतिशत रोपाइँ हुने अनुमान गरिएको छ।

मधेस प्रदेशमा सबैभन्दा कम ७६ प्रतिशत रोपाइँ सम्पन्न भएको छ । गत वर्ष मधेसमा अहिलेसम्म ९७ प्रतिशत रोपाइँ भएको थियो । यहाँ मनसुन अलि ढिला सक्रिय भएकाले प्रतिशतका हिसाबले सबैभन्दा कम रोपाइँ भएको पाइएको जोशीले बताउनुभयो । मधेसमा आवश्यक वर्षा हुन नसकेकाले रोपाइँ प्रभावित भएको उहाँको भनाइ छ । मन्त्रालयका सूचना अधिकारी जोशीका अनुसार धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र उपयुक्त मानिन्छ।

सो क्षेत्रबाट धानको उत्पादकत्व वृद्धि भई कूल उत्पादनको ७० प्रतिशत योगदान रहेको बताउँदै उहाँले पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको जानकारी दिनुभयो ।

आर्थिक वर्ष २०८०/८१ मा ५७ लाख २४ हजार २३४ मेट्रिकटन धान उत्पादन भएको थियो । यस वर्ष स्वदेशमा उत्पादन हुने अनुमान गरिएको ६० लाख मेट्रिकटन धानबाट करिब ३५ लाख मेट्रिकटन खानयोग्य चामल बन्ने उहाँको भनाइ छ। मौसमको प्रतिकूलता, प्राकृतिक विपद्, अतिवृष्टि तथा अनावृष्टिले नकारात्मक प्रभाव परी कतिपय क्षेत्रमा ढिलो रोपाइँ हुने गरेको जोशीले उल्लेख गर्नुभयो। पछिल्लो पटक विकास भएका ज्ञान, सीप, प्रविधि तथा उन्नत जातका बीउबिजनको विकासका कारण उत्पादन वृद्धि हुने अनुमान गरिएको उहाँको भनाइ छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो । मेरो विचारमा त सबै धर्म त्यसमै छ । – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# खतिवडाको राजिनामा नैतिक जिम्मेवारी

संघीय निजामती सेवा विधेयक प्रतिनिधिसभाबाट पारित भएको भन्दा फरक आएपछि अन्ततः प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समिति सभापतिबाट रामहरि खतिवडाले राजीनामा दिएका छन् । संघीय निजामती सेवा विधेयक २०८० मा उल्लेखित 'कुलिङ अफ पिरियड'मा भएको चलखेलमा छानबिन समितिले 'जिम्मेवार' देखाएको हुँदा 'हाँसीहाँसी' राजीनामा दिएको मंगलबारको संसद बैठकमा घोषणा गरे। यो प्रकरणले सांसदको योग्यता, संसदीय समितिको गम्भीरता र कर्मचाहरूको आचरणमाथि प्रश्न खडा गरेको थियो । नेपालको शासन प्रणाली र कानुन निर्माण प्रक्रियाको एक्सरे गरिदिएको छ। जहाँ न योग्यता काम लाग्यो, न नैतिकता, न त प्रक्रियागत इमानदारी नै ।'

प्रश्न उठ्ने वित्तीकै खतिवडाले आफू दोषी नभएको भन्दै सार्वजनिक चुनौती नै दिएका थिए।'छानबिन प्रतिवेदनले सभापति खतिवडाको कार्यशैलीमाथि मात्र होइन, नैतिकता र आचरणमै प्रश्न उठाएको छ । यस्तो अवस्थामा पनि उनलाई संसदीय समितिको सभापति पदमा टिकाइराख्नु कांग्रेसको नैतिक पुँजीमा धक्का हो । ...कम्तीमा अहिलेका लागि उनको राजीनामा व्यक्तिगत जिम्मेवारी त हो नै, यो युवापुस्ताका नेताहरूका लागि पनि नेतृत्वको आचरण कस्तो हुनुपर्छ भनेर पाठ सिक्ने अवसर हो ।' निजामती विधेयकको सन्दर्भमा निरन्तर निगरानीमा राखेको थियो । १५ असारमा विधेयक प्रतिनिधिसभाबाट पारित भएको भोलिपल्ट बदमासी भएको सबैभन्दा कुलिङ अफ पिरियडलाई बेकामे बनाउन उपदफा थपिएको थियो । सदनमा होस या राजनीतिका विधायिकी अधिकार हस्तक्षेप गर्नेलाई तत्काल दण्डित गरियोस् भनेर मत प्रकट गर्‍यो ।

संसद जनताबाट चुनिएर आएका प्रतिनिधिहरूले कानुन बनाउने थलो हो । अझै संसदीय समितिलाई त 'मिनी पार्लियामेन्ट' पनि भनिन्छ । स्थायी सरकार ठानिने मुलुकको समग्र निजामती प्रशासनको विषयलाई समेटेर सांसदले तयार पारेको कानुनको मस्यौदा बिनाछफफल पुनः हेरफेर गर्ने विषय आपत्तिजनक थियो र त्यो सार्वभौम संसदको अधिकार कटौती गरिएको दण्डनीय कार्य थियो । काङ्ग्रेस सांसद जीवन परियारको संयोजकत्वमा बनेको छानबिन समितिले किन जिम्मेवार मात्रै ठान्यो ? किन कानुनी सजायको भागीदार बनाएन भन्ने मूल प्रश्न यथावत् छ । किनकि यस्तो कर्ममा जो संलग्न भए, तिनले उच्च राजनीतिक नेतृत्वको इशाराबिना गर्नै सक्दैनन् । त्यसैले हाल खतिवडाको राजीनामालाई स्वागत गर्न सकिन्छ,।नैतिक जिम्मेवारी लिने काम कठिन हो। त्यसैगरी कानुनका प्रावधान हेरफेर गर्ने 'गैरसंसदीय कार्य' नजरअन्दाज गर्न मिल्दैन । नत्र पुनः यस्ता घटना नदोहोरिएलान् भन्न सकिन्न ।

सांसद खतिवडाको राजीनामाले यो विषय त्यत्तिकै टुंगिदैन । अब संसद सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेय र मुख्यसचिव एकनारायण अर्याललाई जवाफदेही बनाउनुपर्छ । त्यस्तै, यो प्रकरणले छानबिन समितिले जसजसलाई जिम्मेवार बनाएको छ, तिनीहरूको उन्मुक्ति खतिवडाको राजीनामा होइन । विधायकी अधिकार खोस्ने अधिकार कसैलाई छैन । आफूअनुकूल कानुन बनाउने सवालमा विधायकी अधिकार खोसेर गरिएको बदमासी माफीले पुग्दैन । तिनलाई कानुनी सजायको भागीदार बनाउनु आवश्यक छ । यसको मुख्य जिम्मेवारी खतिवडाले लिएर आफू नैतिकवान् छु भन्ने देखाउन खोजेका छन । प्रश्न उठ्ने बित्तिकै राजिनामा नगरेर एक सातापछि राजिनामा दिएर कृष्णप्रसाद भट्टराई, भिमसेन थापासंग जोड्ने तहको थिएन । जे भए पनि राजिनामा अहिले जिम्मेवारी नलिनेको बोलवाला भएको अवस्थामा खतिवडाले राजिनामा गरेर राम्रो मानक बनाएका छन ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# देवघाटमा बोलबम मेलामा डेढ लाख भक्तजन

**पोखरापत्र संवाददाता**
दमौली, २७ साउन

तनहुँको प्रसिद्ध धार्मिकस्थल देवघाटमा साउनको सोमबार लागेको बोलबम मेलामा एक लाख ५० हजार भक्तजन आएका छन् ।

देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक सदन बरालका अनुसार यस वर्ष साउनको चारवटा सोमबार एक लाख ५० हजार भक्तजनले बोलबम मेलामा स्नान गरेका हुन् । बोलबम मेला साउनको प्रत्येक सोमबार हुन्छ। बोलबममा देवघाटको वेणीसङ्गम र शिवालयहरूमा भक्तजनको घुँइचो लागेको थियो । साउनका अन्य बारमा पनि यहाँ दैनिक एक हजारभन्दा बढी भक्तजन आउने निर्देशक बरालले उल्लेख गर्नुभयो । चितवन, तनहुँ र नवलपुरको सङ्गमस्थल देवघाटमा हरेक वर्ष साउनको सोमबार उत्सव मनाइने भएकाले पनि स्वदेशी तथा विदेशी धार्मिक पर्यटकको आगमन वृद्धि हुने उहाँले बताउनुभयो । साउने सोमबार देवघाटको पवित्र जल र बेलपत्रले शिवको पूजाआराधना गरे मनोकामना पूरा हुने धार्मिक विश्वास रहिआएको देवघाट क्षेत्र विकास समितिका पूर्वअध्यक्ष शिवराज पौडेलले बताउनुभयो ।

साउनको हरेक सोमबार बिहानै स्नान गरेर निराहार व्रत बस्ने धार्मिक मान्यता छ। देवघाट क्षेत्र विकास समितिले यसवर्ष बोलबम मेलामा आउने भक्तजनको तथ्याङ्क राखेको हो । साउनमा त्रिशुली र कालीगण्डकी नदीको बहाव बढ्ने हुँदा मेलामा स्नान गर्न आउने भक्तजनको सुरक्षाका लागि तनहुँ र चितवनतर्फ सुरक्षा सतर्कता बढाइएको समितिले जनाएको छ।

# गाउँपालिका अध्यक्ष संरक्षक बनेर नागरिकता प्रदान

**पोखरापत्र संवाददाता**
दमौली, २७ साउन

तनहुँको आँबुखैरेनी गाउँपालिका-३ निवासी ७२ वर्षीय दुर्गा ठकुरीलाई नागरिकताको प्रमाणपत्र प्रदान गरिएको छ । लामो समयदेखि पहिचानविहीन ठकुरीलाईआँबुखैरेनीगाउँपालिकाको पहलमा नागरिकता प्रदान गरिएको हो ।

गाउँपालिकाका अध्यक्ष शुक्र चुमान संरक्षक बनेर उहाँलाई नागरिकता प्रदान गरिएको वडाध्यक्ष दिनेश केसीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "७० वर्ष पहिला आँबुखैरेनी आउनुभएकी उहाँको परिवारका बारेमा कसैलाई पनि जानकारी छैन। सबैले दुर्गा ठकुरी भनेर चिन्नुहुन्थ्यो, नागरिकता नहुँदा पहिचानविहीन भएपछि नागरिकता बनाउन सहजीकरण गरेका हौं ।" वडाध्यक्ष केसीले सबै आवश्यक प्रक्रिया पूरा गरेर प्रशासन कार्यालयमा सोमबार उहाँलाई नागरिकता प्रदान गरिएको जानकारी दिनुभयो । "उहाँ कोसँग यहाँ आउनुभयो, उहाँको परिवार को हो भन्ने कसैलाई थाहा छैन । खैरेनीमा सिङ्गापुरे लाहुरे भनेर चिनिने घरमा मात्र ४० वर्ष बस्नुभयो ।" बाबुआमाको पहिचान नखुलेकी महिलालाई आवश्यक सबै प्रक्रिया पूरा गरी नागरिकता प्रमाणपत्र प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले जानकारी दिनुभयो ।

# स्याङ्जाका दिदीभाईले जिते स्वर्ण र रजत

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २७ साउन

स्याङ्जाका भीरकोट नगरपालिका वडा नं. ७ बलमाटामा स्थायी घर भई हाल काठमाडौंमा अध्ययन गर्दै आएका एकै परिवारका दिदीभाईले अन्तर्राष्ट्रिय तेक्वान्दो (कराँते) प्रतियोगितामा स्वर्ण र रजत पदक जित्न सफल भएका छनु ।

काठमाडौंको न्युजेन स्पोर्ट एकेडेमीमा तेक्वान्दोको प्रशिक्षण लिदै आएका रायन अर्याल र रिया अर्यालले क्रमश स्वर्ण र रजत पदक जित्न सफल भएका हुन् । ३० देशबाट सहभागिता जनाएको प्रतियोगितामा झण्डै २५ हजार खेलाडीलाई पछि पार्दै उनीहरुले उक्त पदक जितेका हुन् । बिजेता खेलाडी अर्यालदोय सहित अन्यले पदकसँगै मलेसियाको रङ्गशालामा नेपालको राष्ट्रिय झण्डा फहराएर खुसी व्यक्त गरेका थिए । स्याङ्जामा जन्मिएका युवाहरुले राष्ट्रिय खेलकुदका विभिन्न विधामा पुऱ्याएको चर्चाबीच अर्यालदोयले तेक्वान्दोमा हासिल गरेको सफलताले स्थानीय स्तरसँगै राष्ट्रिय चर्चा पाएको छ। भविश्यमा उनीहरुबाट तेक्वान्दो खेलमा विशेष प्रतिभा देखाउनेमा जिल्लाबासीले धेरै आशा गरेका छन् । अर्यालदोय स्याङ्जाका उद्योगपति, खिलुङ्कालिका एग्रो फार्म, गण्कडी मेडिकल कलेज तथा यूनीभर्शल मेडिकल कलेजका लगानीकर्ता भेषराज अर्यालका छोराछोरी हुन् । ९ वर्षिय रायन ४ र ११ वर्षिया रिया ७ कक्षामा काठमाडौंको एक विद्यालयमा अध्ययरत छन् । गत हप्ता (साउन २२ देखि २५ गतेसम्म) मलेसियाको निलाई इनडोर स्टेडियम नेगेरी सेम्बिलानमा संचालित सातौं हिरोज इन्भिटेशनल (आमन्त्रित) तेक्वान्दो कपमा नेपालको तर्फबाट अर्यादयदोय सहित न्युजेन स्पोर्ट एकेडेमी काठमाडौंका खेलाडीले ४ स्वर्ण, २ रजत र १ कास्य पदक जित्न सफल भएका थिए ।

इन्डिभिजुयल (व्यक्तिगत) पुम्से (विधा) मा रायन अर्याल (स्याङ्जा) र साम्राज्ञी क्षेत्रीले स्वर्ण पदक जितेका थिए भने फेमिली पुम्सेमा स्वमिक महतरा र विष्णु महतराले स्वर्ण जित्न सफल भएको न्युजेन स्पोर्ट एकेडेमीले जनाएको छ ।

त्यसैगरि प्रतियोगिताकै इन्डिभिजुयल (व्यक्तिगत) पुम्सेमा रिया अर्याल (स्याङ्जा) र स्वमिक महतराले रजत पदक जित्न सफल भएका छन् भने भर्चुअल तेक्वान्दोमा सुप्रेम गुरुङ्ले कास्य पदक जित्न सफल भएका छन् । प्रतियोगितामा ३० देशका ३ सय ५७ समूहका २५ हजार भन्दा बढि खेलाडी प्रतिस्पर्धा गरेका थिए ।

# रोकिएन कालीगण्डकी दोहन

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ साउन

बर्खायाममा नदीजन्य पदार्थ ठेक्कामा निकाल्न नपाइने प्रावधान छ । गत असारदेखि भदौ १५ गतेसम्म नदीजन्य पदार्थ निकाल्न नपाइने कानुनी व्यवस्था विपरीत बागलुङ र पर्वत भएर बग्ने कालीगण्डकी नदीमा दोहन भइरहेको छ ।

कालीगण्डकी नदीको बागलुङ र पर्वततर्फको दर्जनभन्दा बढी स्थानमा अवैध रूपमा बालुवा निकालिएको छ । स्थानीयको आँखा छल्न क्रसर व्यवसायीले नदीजन्य पदार्थको मध्यरातमा समेत दोहन गरिरहेका छन् । शनिबार राति ९ बजे सहस्रधारा क्षेत्रको भाटेखोला बगरमा कालीगण्डकीको दोहोन भइरहको थियो । एउटा स्काभेटरले कालीगण्डकीबाट बालुवा निकाल्दै थियो भने पाँच वटा टिपरले बालुवा बोकेर लैजाँदै थिए । बागलुङको भाटेखोला बगर मात्रै हैन एक दर्जन स्थानबाट अहिले नदीजन्य पदार्थको दोहन गरेर नदी छेउमै भण्डारण गरिएको देख्न सकिन्छ । बर्खाको समयमा उर्लेको कालीगण्डकीले ल्याउने बालुवा अबैद्ध रुपमा सङ्कलन गरी हिउँदभरी उपभोक्तालाई चर्को मूल्यमा बिक्री गर्दै आइरहेका छन् । नदीजन्य पदार्थ रातिमा सङ्कलन गरिरहेका स्थानीय बताउँछन् ।

अहिले दोहनभइरहेकोबागलुङ नगरपालिका-१० स्थित दब्ल्याङ र भाटेखोला-१३ नम्बर वडाको कालाखोला बगरलगायत स्थानमा दोहन भइरहेको कालीगण्डकी बचाउ अभियानका संयोजक आरके अदिप्त गिरीले बताउनुभयो । अवैध नदी दोहान भइरहँदा स्थानीय सरकारले कडाइ गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

म्याग्दी, पर्वत र बागलुङ भएर बग्ने पवित्र कालीगण्डकी दोहोनले शालग्राम शिलासमेत सङ्कटमा परिसकेका गिरीले उल्लेख गर्नुभयो । पर्वत खण्डमा नदीजन्य पदार्थको बढी दोहोन भइरहेको छ भने बागलुङतर्फको सहस्रधारा पारीको भाटेखोला, खनियाघाट र दब्ल्याङ क्षेत्रमा दोहन भइरहेको उहाँको भनाइ छ । असारदेखि भदौ १५ गतेसम्म दोहन गर्न नपाइने कानुनी व्यवस्था भए पनि मध्यबर्खामा नदीजन्य पदार्थ सञ्चित गर्ने समयमा कालीगण्डकी नदीको दोहन भइरहँदा स्थानीय तह, प्रशासन र जिल्ला समन्वय समिति एकले अर्कालाई दोष दिएर पन्छने गरेका गिरीले बताउनुभयो । नदी दोहन रोक्नका लागि पटकपटक नागरिकस्तरबाट भइरहेका प्रयासलाई सम्बन्धित निकायले बेवास्ता गरेका उहाँको भनाइ छ । उहाँका अनुसार प्रहरी प्रशासन र स्थानीय तहको मौनताका कारण दोहनले प्रश्रय पाइरहेको हो । "प्रहरी प्रशासनको मिलेमतोबिना दोहन सम्भव छैन, मालढुङ्गामा प्रहरी छ, नजिकै दोहान भइरहेको छ", गिरीले भन्नुभयो, "गण्डकी सभ्यता जोगाउन कालीगण्डकीलाई दोहनमुक्त बनाएर संरक्षणको सूचीमा राखौं ।" दोहनलाई प्रश्रय दिँदा कालाखोला बगर कटान भइसकेको छ भने स्थानीय निकायको राजस्व गुमिरहेको छ । कालीगण्डकीको बीच भागबाट नदी दोहन भइरहँदासमेत बागलुङ र पर्वत जिल्लाका सरोकार भएका निकायले कुनै चासो नदिएका गिरीले गुनासो गर्नुभयो । ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ अनुसार नदी तथा खोला किनारबाट ५०० मिटर टाढा मात्रै ढुङ्गा, गिटी, बालुवा उत्खनन गर्न पाइने व्यवस्था भए पनि नदीको बीच भागबाटै दोहन भइरहेको उहाँको भनाइ छ । गिरीले सभ्यताको सूचक मानिने कालीगण्डकी नदी नासिनु भनेको हाम्रो मानव सभ्यता नासिनु जस्तै हो भन्नुभयो । पारिस्तिथिक प्रणाली खल्बलाउनु र प्राकृतिक सम्पदा नास्ने अधिकार कोही कसैलाई नभएको बताउँदै गिरीले कालीगण्डकी नदी सभ्यता बचाउन सबैले राज्यतहलाई जनदबाब र पैरवी गर्नुको विकल्प नरहेको धारणा राख्नुभयो । नियमविपरीत नदी दोहन जारी राख्दा बागलुङ नगरपालिका-१ स्थित माझी बस्ती, मालढुङ्गा तथा कालाखोला बगर क्षेत्रका घर बाढीको उच्च जोखिममा पर्न थालेका छन् । नदीजन्य पदार्थको सुरक्षाका लागि प्रहरी परिचालन भए पनि दोहन रोक्न नसकेको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी उपरीक्षक तिलक भारती स्वीकार्नभयो । स्थानीय तहले ठेक्का लगाउन नसक्ने, राजस्व गुम्ने डरलगायत कारणले दोहन नरोकिएको बताउँदै उहाँले नयाँ रणनीति बनाएर नदी दोहन भइरहेको स्थानमा सादा पोषाकमा प्रहरी परिचालन गर्ने योजना रहेको जानकारी दिनुभयो ।

# स्याङ्जामा सम्वन्ध बिच्छेद र बालविवाहको संख्यामा उच्च

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २७ साउन

स्याङ्जामा आर्थिक बर्ष २०८१/०८२ मा सम्वन्ध बिच्छेद र बाल विवाह गर्ने संख्या उच्च रहेको देखिएको छ।

जिल्ला अदालत स्याङ्जाले सार्वजनिक गरेको बार्षिक प्रगति विवरण र गण्डकी प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जाले दिएको तथ्याङ्को आधारमा सम्वन्ध बिच्छेदका घट्ना र वाल विवाहको तथ्याङ्क उच्च देखिएको हो । उमेर नै नपुगी विवाह गर्ने संख्या उच्च हुनु र सम्वन्ध बिच्छेदका घट्ना बढ्नुले स्याङ्जा गम्भीर सामाजिक समस्याका रुपमा हेरिएको छ। बालविवाह हुनु र सम्वन्ध बिच्छेदका घट्नाहरु एकअर्का सगँ जोडिएको हुनसक्ने अनुमान गरिएको छ । जिल्ला अदालतले सार्वजनिक गरेको तथ्याङ्क अनुसार अदालतमा दर्ता भएका अधिकांक मुद्धा मध्ये सबैभन्दा धेरै सम्वन्ध बिच्छेद (डिभोर्स) का रहेका छन् । प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जाले दिएको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/०८२ मा जिल्लाका स्वास्थ्य संस्थामा २ हजार ५ सय ५९ महिलाले गर्भ परीक्षण गरेकोमा २ सय १० जना युवती अर्थात ८.२ प्रतिशत महिलाहरु २० वर्षमुनि रहेको तथ्याङ्कले देखाएको छ । यो तथ्याङ्कले परिपक्क अथवा कानुनले तोकेको २० बर्षभन्दा माथी नपुग्दै विवाह गर्ने प्रचलनले पनि सम्वन्ध बिच्छेद हुने गरेको अनुमान सामाजिक अगुवाहरुले लगाएका छन् । आर्थिक वर्ष २०८१/०८२ मा जिल्ला अदालत स्याङ्जामा दर्ता भएका १ हजार ७ मुद्दामध्ये ५ सय २१ मुद्दा सम्बन्ध विच्छेदका मात्रै रहेका छन् । अदालतमा कुलदर्ता नयाँ मुद्दामध्ये ६० प्रतिशत सम्बन्ध विच्छेदका रहेको तथ्याङ्कले देखाएको छ । पुराना (जिम्मेवारी सरेका) ८७ सहित सम्बन्ध विच्छेदका कुल ६ सय ८ मुद्दामध्ये ५ सय १८ मुद्दा फछ्र्यौट भएर ९० वटामात्रै मुद्दा फछ्यौंट हुन बाँकी रहेको जिल्ला अदालत स्याङ्जाले जनाएको छ । पुराना १६ नयाँ ८५ सहित वैवाहिक सम्बन्ध अन्त्य तर्फका १ सय १ मुद्दामा ७७ फछ्यौंट हुँदा २४ मुद्दा बाँकी रहन गएको अदालतका श्रेस्तेदार भूमिप्रसाद शर्माले जानकारी दिए । यता कानूनले २० वर्ष मुनिको विवाहलाई मान्यता नदिएपनि स्याङ्जामा 'बालविवाह' व्यापक रहेको तथ्याङ्कले देखाएको छ । जिल्लामा सुरक्षित प्रसूति सेवा लिने ८ सय ८२ महिला मध्ये १२ दशमलब ३५ प्रतिशत अर्थात १ सय ९ जना २० वर्ष नपुगेका युवती रहेको पाइएको छ। त्यस्तै ९ सय २४ जनाले महिलाले गराएको सुरक्षित गर्भपतनमा ४३ जना अर्थात ४.६५ प्रतिशत महिला पनि बालविवाहकै सूचीमा रहेको प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जाका प्रशासक केशव चापागाईंले बताए । किशोरावस्थामै भागेर विवाह गर्ने, गरीवी र अशिक्षाका कारण सानैमा विवाह गरिदिने, गरम्परागत सोच र सामाजिक संजालको प्रभावका कारण बावविवाह हुने गरेको हरेक तथ्याङ्कले देखाउछ । जसले गर्दा विवाह लामो टिकाउ हुन नसक्दा सम्वन्ध बिच्छेदमा परिणत हुने घट्नक्रमले देखाएको छ । बालविवाह र सम्बन्ध बिच्छेदका घट्ना बढ्नु मुल कारण अपरिपक्क विवाह भन्ने लागेको श्रेस्तेदार शर्माको भनाई छ। स्याङ्जामा सम्बन्ध बिच्छेदका मुद्धादर्ताको प्रकृति हेर्दा ठ्याक्कै संख्या भन्न सकिएन श्रेस्तेदार शर्माले भने,'सरदर उमेर हेर्दा १८ बर्षदेखी २५ बर्षभित्रका सम्बन्ध बिच्छेदका लागि आएको देखिन्छ।'

**मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८२।०४।२१

कास्की जिल्ला मौजे सराङ्कोट २५/५० न. का जि.मु. विष्णुहरि पाध्या पहारी जीम्मा १९९१ सालको पाखोतर्फको मोठ लगत उतार बमोजिम द.न. ३७० मा खीमलाल पाध्या बरालको नाउँमा साविक दर्ता भएको, २०३२ साल सम्मको तिरो आमा देउमाया बराल्नीका नामबाट तिरेको, भु.सु. ७ नं. फाराममा शिव कुमार बरालको नामबाट लगत दिएको सर्भे नापीमा ग्यारजाती वडा नं. ८ कि.नं. ३९१ क्षे.फ. ०-९-२-१ विरहमा खर किसिममा चाहार भएको जग्गा फिल्डबुकमा देउमाया बरालको नाउँमा कायम भएको कि.का. भई दर्ता छुट हुन गएको, मेरी आमा देउमाया बरालको मिति २०३३/११/२८ मा मृत्यु भएको मृतकको श्रीमान शिव कुमार बरालको पनि मिति २०६२।०३।११ मा मृत्यु भएको मृतक दम्पति बाट ४ छोरि र १ छोराको जायजन्म भएकोमा सबै छोरा छोरीहरुको विवाह दान भईसकेको हुँदा बाबा आमाको शेखपछी म शिवराज बरालले नै भोगचलन गर्दै आईरहेको उल्लेखित जग्गाको नजिकको हकदारमा मृतक बाबु आमाको एक मात्र छोरा शिवराज बराल निवेदक रहेको भनि वडा सिफारिस लगायतका कागजात बाट खुलि आएकोले उक्त जग्गा मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरीपाउँ भनी कास्की जिल्ला साविक सराङ्कोट ९ हाल पोखरा म.न.पा. वडा नं. १८ बस्ने शिवराज बरालले यस कार्यालयमा माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारबाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

तपसिल

| जिल्ला | गाविस | वडा | कि.नं. | क्षे.फ. | विरह | किसिम | फिल्डबुक को व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | ग्यारजाती | ८ | ३९१ | ०-९-२-१ | खर | चाहार | देउमाया बराल |

इति सम्बत् २०८२ साल साउन महिनाको २१ गते रोज ४ शुभम्

# मरिचखेती प्रवर्द्धन गर्दै पोखरा महानगर

वासुदेव पौडेल
गण्डकी, २७ साउन

देशभर नै बाँदरलगायतका जङ्गली जनावरले खेतीबाली नष्ट गर्ने समस्या बढ्दो छ । बाँदरको समस्या समाधान र विकल्प खोजी भइरहँदा पोखरा महानगरले भने वडा नं २८ मा बाँदरले दुःख नदिने तर उत्पादनले उचित मूल्य पाउने मरिच खेती प्रवर्द्धन गर्ने भएको छ ।

महानगरपालिकाले यसै वर्ष ४०० मरिचका बिरुवा वितरण गरेको महानगरका कृषि विकास शाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो । बाँदरको प्रकोप नहुने र असिना आदि समस्या पनि नहुने भएकाले वडा कार्यालयसँग समन्वय गरी मरिचका बिरुवा वितरण गरेको उहाँले बताउनुभयो । सो वडामा स्याङखुदी टारीका अगुवा कृषक सूर्यमोहन बास्तोलाले मरिच खेतीबाट राम्रो आम्दानी गर्नुभएको छ । सोही खेतीलाई दृष्टिगत गरी वडामा मरिच खेती प्रवर्द्धन र विस्तार गर्न लागिएको हो । बास्तोलाले घर वरपरका साल, आँप, चिलाउने, कटुस, कल्की, फलेदो, कटहरलगायत विभिन्न प्रजातिका एक सय बढी हरिया रूखका फेदमा लगाएको मरिचले उत्पादन दिन थालेपछि महानगरपालिका पनि मरिच खेतीको प्रवर्द्धनमा जुटेको हो ।



बजारमा मरिच कालो सुनका रूपमा समेत परिचित छ । प्रतिकिलो रु दुई हजार पर्ने यो मसलाजन्य बाली बास्तोलाले २०४६ सालदेखि लगाउन थाल्नुभएको हो । आफूले २०४६ सालमा लेखनाथको भण्डारढिकस्थित पण्डित सोमनाथ आत्रेयसँग १०/१० रुपैयाँका दरले दुईवटा मरिचका बिरुवा किनेर ल्याएको अनुभव सुनाउनुभयो । बास्तोलाले हाल वार्षिक ६० देखि ७० किलोग्राम मरिच उत्पादनसँगै नर्सरी तयार गरी बिरुवा बिक्री गर्दै आउनुभएको छ । उहाँका अनुसार प्रत्येक वर्ष असारमा फल्न सुरु भई चैतमा मरिचका दाना टिप्न सकिन्छ । उहाँले एउटा बिरुवा १५० रुपैयाँदेखि २०० रुपैयाँसम्ममा बिक्री गर्ने गरेको बताउनुभयो । उहाँको फार्मबाट पुरनचौर क्षेत्रमा ४०० मरिचका बिरुवा रोप्न लगेको र माछापुच्छ्रे गाउँपालिकामा ४०० बिरुवा लैजाने तयारी रहेको जानकारी दिनुभयो । "मैले दुईवटा बिरुवाबाट मरिचखेती सुरु गरेको थिएँ, यतिखेर राम्रो उत्पादन त छँदै छ नर्सरीमा एक हजार ५०० बिरुवा बिक्रीका लागि तयार छन्", उहाँले भन्नुभयो । बाँदरले पनि नखाने र कुनै किराको प्रकोप मरिचखेतीमा नहुने भएकाले मनग्गे आम्दानी लिन सकिने उहाँको भनाइ छ । उहाँको मरिचखेती गत वैशाखमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले अवलोकन गर्नुभएको थियो । अवलोकनसँगै महानगरप्रमुख आचार्यले मरिचखेतीको विस्तारमा जोड दिँदै कृषकलाई बिरुवा वितरण सुरु गर्नुभएको हो । मरिचखेतीबाट सामान्य लगानीमा अधिकतकम फाइदा लिन सकिने महानगरपालिकाका कृषि विकास शाखाप्रमुख कडरिया बताउनुहुन्छ । सामान्यतः एक हजारदेखि एक हजार २०० मिटरको उचाइमा मरिचखेती हुने बताउँदै उहाँले सामान्यतः ओसिलो ठाउँमा यसको उत्पादन हुने जानकारी दिनुभयो । बहुवर्षे सदाबहार मरिच लहरे बाली हो ।

भियतनाम, भारत, ब्राजिल, मलेसिया, इन्डोनेसिया, चीन र श्रीलङ्कामा यसको व्यावसायिक खेती हुने गरेको छ । नेपालमा मोरङ, सुनसरी, झापा, रामेछाप, लमजुङलगायतका जिल्लाहरूमा मरिचखेती हुने गरेको छ । मरिचको प्रयोग मसला र आयुर्वेदिक औषधि बनाउन प्रयोग गरिन्छ । खाना पचाउने, भोक लाग्ने, खोकीको उपचार, श्वासप्रश्वास र मुटु रोगका लागि पनि मरिच प्रयोग गरिन्छ ।

वडामा कृषितर्फ आकर्षण बढाउन निरन्तर पहल भइरहेको वडा नं २८ का अध्यक्ष श्रीकृष्ण लामिछानेले जानकारी दिनुभयो । वडाभित्र व्यावसायिक पशुपालनलाई पनि जोड दिइएको छ । उहाँले वडाबाटै वार्षिक रु एक करोड ३० लाखको दूध बिक्री हुने गरेको बताउनुभयो । मरिचखेती विस्तारसँगै मसलाजन्य बाली उत्पादनमा जोड दिने लक्ष्य राखिएको बताउँदै उहाँले कृषिजन्य उत्पादनमा आत्मनिर्भरता बढाउँदै यसबाट स्थानीयवासीको आयआर्जन बढाउने लक्ष्य राखिएको बताउनुभयो ।

# तनहुँमा उद्योग दर्ता घट्यो

पोखरापत्र संवाददाता
तनहुँ, २७ साउन

जिल्लामा एक वर्षमा पाँच सय ९६ उद्योग दर्ता भएका छन् । आर्थिक वर्ष २०८१/८२ मा जिल्लामा उद्योगतर्फ तीन सय आठ र वाणिज्यतर्फ दुई सय ८८ दर्ता भएको पर्यटन तथा उद्योग कार्यालय दमौलीले जनाएको छ ।

उद्योग तथा वाणिज्य दर्ता गत आव २०८०/८१ मा भन्दा आव २०८१/८२ मा कम भएको कार्यालय प्रमुख दुर्गाराज सुवेदीले जानकारी दिनुभयो । आव २०८०/८१ मा उद्योगतर्फ तीन सय ९८ र वाणिज्यतर्फ तीन सय ७३ गरी सात सय ७१ उद्योग दर्ता भएका थिए । आव २०८१/८२ मा एक हजार नौ सय छ उद्योग नवीकरण भएका छन् भने वाणिज्यतर्फ एक हजार सात सय ३५ उद्योग नवीकरण भएको सुवेदीले बताउनुभयो ।

उहाँका अनुसार उद्योगतर्फ साउनमा ३३, भदौमा ३९, असोजमा ३२, कात्तिकमा २५, मङ्सिरमा ३१, पुसमा २४, माघमा १५, फागुनमा २४, चैतमा २०, वैशाखमा २९, जेठमा २५ र असारमा ११ उद्योग दर्ता भएका छन् । वाणिज्यतर्फ साउनमा ५३, भदौमा २१, असोजमा २४, कात्तिकमा २०, मङ्सिरमा २३, पुसमा २५, माघमा १९, फागुनमा २३, चैतमा २२, वैशाखमा २१, जेठमा २२ र असारमा १५ दर्ता भएका छन् । कार्यालयले एक वर्षमा रु ८४ लाख ८१ हजार ४२५ राजस्व सङ्कलन गरेको छ । उद्योग दर्ता, नवीकरण, संशोधनलगायतबाट कार्यालयमा राजस्व सङ्कलन हुने गरेको सुवेदीको भनाइ छ ।

साउनमा रु १३ लाख ७४ हजार ४५०, भदौमा रु आठ लाख ६८ हजार ५००, असोजमा रु नौ लाख पाँच हजार १००, कात्तिकमा रु चार लाख ३५ हजार ९००, मङ्सिरमा रु छ लाख ४५ हजार ४००, पुसमा रु सात लाख २४ हजार ४७५, माघमा रु चार लाख ८७ हजार ४५०, फागुनमा रु छ लाख ५६ हजार ६५०, चैतमा पाँच लाख २२ हजार २५०, वैशाखमा रु चार लाख ४२ हजार ५०, जेठमा रु चार लाख ९० हजार ९०० र असारमा रु नौ लाख २८ हजार ३०० राजस्व सङ्कलन भएको छ ।

# उत्पादनमुखी बालीनालीमा किसानहरूलाई आकर्षण बढाउन अनुदान

पोखरापत्र संवाददाता
पर्वत, २७ साउन

खाद्यान्न र तरकारीमा आत्मनिर्भर बन्दै गएको जिल्लामा कृषिजन्य वस्तुको निर्यातबाट रु ६५ करोडभन्दा बढी भित्रिएको छ । मुख्य छवटा बालीनालीलाई प्राथमिकता दिएर उत्पादन गरिएको कृषिजन्य वस्तुबाट आर्थिक वर्ष २०८१/८२ मा रु ६५ करोड ३० लाख ४७ हजारको कारोबार भएको हो । कृषि ज्ञान केन्द्रका अनुसार आलु, धान, अलैँची, तकारीबाली, मकै र सुन्तला जातका फलफूलको बिक्रीबाट जिल्लाभरका किसानले उक्त कारोबार गरेका हुन् ।

यहाँबाट मुख्यतया आलु र सुन्तला बढी मात्रामा निर्यात हुने गर्छ भने धान, मौसमी तथा बेमौसमी तरकारी, अलैँची र मकै तथा काँक्रोको मूल बीउ उत्पादन गरी बिक्री गरिँदै आएको छ । कृषि ज्ञान केन्द्र प्रमुख परशुराम अधिकारीका अनुसार गत आवमा जिल्लामा खाद्यान्न बाली ७२ हजार ९५० मेट्रिक टन उत्पादन भएको छ । मकै ३३ हजार १२० मेट्रिक टन, गहुँ पाँच हजार २२० मेट्रिक टन उत्पादन भएको छ । त्यसैगरी, जौँ ५४ मेट्रिक टन, फापर एक सय मेट्रिक टन, कोदो सात हजार ८५० मेट्रिक टन, दलहन बाली पाँच सय २७ मेट्रिक टन उत्पादन भएको थियो । जिल्लाभर तेलहन बाली तीन सय ६२ मेट्रिक टन, आलु २० हजार ३३० मेट्रिक टन, तरकारी १२ हजार ६१० मेट्रिक टन, सुन्तला चार हजार १५ मेट्रिक टन उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । जिल्लामा सुन्तलासहित अन्य जातका फलफूल गत आवमा १३ हजार ३०७ मेट्रिक टन उत्पादन भएको कार्यालयल जनाएको छ । कार्यालयका अनुसार आलुबाट गत आवमा रु सात करोड ७३ लाख, बीउ तथा तरकारीबाट रु करोड ११ करोड, सुन्तलाबाट रु २४ करोड ८४ लाख, मौरीको महबाट रु चार करोड ५० लाख, अलैँचीबाट रु एक करोड ८१ लाख भित्रिएको छ । यस्तै धान, कोदो र मकैसमेत उल्लेख्य मात्रामा निर्यात भएको केन्द्रले जनाएको छ ।

ज्ञान केन्द्रले पछिल्ला आर्थिक वर्षहरुमा उत्पादनमुखी बालीनालीमा किसानहरूलाई आकर्षण बढाउँदै लगेको छ । यसका लागि किसानलाई हरेक कार्यक्रममा ५० देखि ९० प्रतिशतसम्म अनुदान वितरण गरेको छ । केन्द्रले गत आवमा रु चार करोडभन्दा बढी अनुदान वितरण गरेको जनाएको छ ।

केन्द्रले गत वर्ष दुई सय तीनवटा मिनी पावरटिलर, २५ वटा कुटानी पिसानी मिल, ४१ वटा स्प्रेयर, पाँचवटा ब्रसकटर वितरण गरेको छ । यस्तै सिँचाइका लागि पाँच हजार ९३५ मिटर लामो पाइप, सात सयवटा हिलट् याङ्क र तीन सय ६७ मिटर लामो कुलो मर्मतका लागि पनि अनुदान वितरण गरेको कार्यालय प्रमुख अधिकारीले जानकारी दिनुभयो । यान्त्रिक उपकरणले किसानलाई लागत र समय घटाएको कार्यालयले जनाएको छ । पर्वतमा सञ्चालित मकै बीउ उत्पादन तथा मकैबाली प्रवर्द्धन आयोजना, परम्परागत बाली प्रवर्द्धन आयोजना, तरकारी, खाद्यान्न, फलफूल विकास प्रवर्द्धन आयोजनाजस्ता कार्यक्रम प्राथमिकतामा राखेर सञ्चालन गरिएको थियो । वर्षभरिमा दुई सय ८५ स्थानमा कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यालयले गत आवमा वित्तीय प्रगति ८० प्रतिशत र भौतिक प्रगति ८० दशमलव ७५ प्रतिशत गरेको जनाएको छ । गण्डकी प्रदेशअन्तर्गतको उक्त कार्यालयमा चालु आवका लागि रु पाँच करोड ६४ लाख १७ हजार बजेट विनियोजन भएको छभने सङ्घ सशर्ततर्फ रु २१ लख ४३ हजार बजेट विनियोजन भएको कार्यालयले जनाएको छ ।

# 'बाँदरको आतङ्कले बागलुङको ग्रामीण बस्ती नै रित्तो भइसक्यो'

तारानाथ आचार्य
बागलुङ, २७ साउन

काठेखोला गाउँपालिका-६ का थानेश्वर कँडेलले बाँदर आतङ्क छल्न अन्नबाली लगाउनै छाड्नुभयो । उहाँले केही वर्षदेखि बारीमा अदुवा र अलैँची लगाउन थाल्नुभएको छ ।

अन्नबाली र तरकारीखेती गर्न बाँदर नै बाधक भएको उहाँको गुनासो छ । "घरमा बूढाबूढीमात्र बस्ने, बाँदर आएर बारीको केही नराख्ने भएको छ" कँडेलले भन्नुभयो, "बाँदरबाट बचाउन सकिने बालीमात्र लगाउन थालेका छौँ ।" अत्यावश्यक भए पनि कतिपय तरकारी र फलफूल बजारबाट ल्याउने गरेको उहाँले बताउनुभयो ।

बाँदरले नखाएकाले कँडेलजस्तै यहाँका किसानले सुन्तला बारीमा अदुवा लगाएको बताउनुभयो । कतिपय किसानले भैँसीपालन व्यवसाय रोजेका छन् । दूध उत्पादनबाट केही फाइदा भए पनि धेरै दुःख गर्न बाध्य बनेको स्थानीय टङ्क कँडेलले बताउनुभयो । "भैँसी पाल्नेले एकैछिन बस्न पनि पाइँदैन, घर छाडेर कतै जान पनि पाइँदैन", उहाँले भन्नुभयो, "बाँदर नियन्त्रणको कार्यक्रम नभई भएन, घरभित्रै पसेर पकाएको खानासमेत खाइदिए ।" काठेखोला गाउँपालिकाका दर्जनौँ किसानले बारीमा मकै छाडेर अदुवाखेती थालेका छन् । मूल्यमा पटकपटक गिरावट आउने, बजारीकरणमा समस्या भए पनि उनीहरूले बाँदरबाट जोगाउन यो काम गरेका हुन् । अलैँची लगाएर पनि उनीहरूले फाइदा लिन भने सकेका छैनन् । तर बाँदरबाट बच्न खेतीपातीमा परिवर्तन गरेको बताउनुभयो ।

किसानले सुन्तला भने लगाएका छन् । दसैँतिहारको समय ख्याल गरेर जोगाउन सकेमा केही फाइदा लिन सकिने भएकाले सुन्तलाखेती गरेको किसानले बताए । सुन्तलाबाट वर्षमा लाखौँ कमाई गर्ने किसान बिहुँमा छन् । "यो सुन्तलाका लागि उपयोगी स्थान हो, हामीले पनि प्रोत्साहन गरेका छौँ, तर बाँदरबाट जोगाउन गाह्रो भयो भन्नुभएको छ", कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख राजेन्द्र सिलवालले भन्नुभयो, "बजारीकरणमा सक्दो सहयोग गर्नेछौँ ।" बाँदर आतङ्ककै कारण बाली नलगाउनेभन्दा संरक्षणमा ध्यान दिनेगरी किसानलाई सम्झाएको सिलवालको भनाइ छ । गाईभैँसी पाल्नेलाई भेटेनरी अस्पताल तथा पशु विज्ञ केन्द्रले प्रतिलिटर दूधमा रु पाँच अनुदान दिएको केन्द्रका प्रमुख डा ऋषिराम सापकोटाले बताउनुभयो । "नश्ल सुधार गरिएका भैँसी र गाईको दूधमा अनुदान दिएर किसानलाई निरास हुनबाट बचाउने प्रयास गरेका छौँ", सापकोटाले भन्नुभयो, "बाँदरको स्थायी समाधान नभए पनि पशुपालनमा भने किसानको आर्कषण छ ।" बागलुङ नगरपालिका-८ का रामबहादुर खड्काले पनि कृषि फसल भित्र्याउन बाँदर आतङ्कले नसकेको र नियन्त्रण गर्न नसकेर हैरान भएको सुनाउनुभयो । उहाँले त सुन्तलासमेत जोगाउन नसकेको गुनासो गर्नुभयो । "हेरालो राखेर पनि नसकिने रहेछ, बाँदर नियन्त्रण नभए अन्नबाली र फलफूल लगाएर किसान बाँच्न गाह्रो भइसक्यो", बाँदरबाट बाली जोगाउन राज्यले पहल गर्नुपर्ने बताउनुयभो । बाँदरको कारणकृषिबालीजोगाउनसमस्या परेपछि कतिपयले घरै छाडेर हिँड्न थालेका छन् । जैमिनी नगरपालिका-१ टुनीबोट १० को राङखानीका अधिकांश बस्ती त रित्तो भइसकेका छन् । काठेखोला गाउँपालिका-५ कै करलिम बस्ती पनि रित्तोजस्तै भइसकेको हो । पेसा फेरेर दूध उत्पादनमा लागेका किसानको पनि गुनासो बढी छ । लागत र दुःख धेरै भएकाले नाफा कमाउन नसकिने कँडेलले बताउनुभयो । "एउटै भैँसीलाई रु दुई लाखसम्म पर्छ, दुई वर्षसम्म लगातार दूध बेच्न सकिएन भने लगानी उठ्दैन", उहाँले भन्नुभयो । गाईभैसी पालेका किसानले एक दिन घर छाड्न पनि नपाएको उहाँको गुनासो छ । किसानले दूधमा उचित बजार पनि नपाएको गुनासो गर्नुभयो ।

वैकल्पिक बाटो रोजेका किसानलाई उत्पादनमा प्रोत्साहन गर्न बजारीकरण तथा यान्त्रिकीकरणमा साथ दिने सापकोटाले बताउनुभयो । अवस्थाअनुसारको उत्पादन गरेर आत्मनिर्भर बन्ने बाटो खोज्न लगाएको उहाँले बताउनुभयो । दूधको मूल्य बढाउनेबारेमा भने अहिले निर्णय नभएको उहाँको भनाइ छ । मकैको साटो साइलेज घाँस लगाएर थप आम्दानी गर्न सकिने सापकोटाको सुझाव छ । जैमिनी-८ का रघुनाथ पौडेलले पनि परम्परागत खेती छाडेर मौरी र भैँसी पाल्न थाल्नुभएको छ । बजार टाढा भएकाले दूध समयमा पठाउन उहाँलाई सास्ती छ । तर पनि खेती जोगाउन नसकेपछि पौडेलले बारीमा घाँस लगाउनुभएको छ ।

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

**मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८२/०४/२७

कास्की जिल्ला मौजे आर्वा ३/१ नं. का जि. मु. जै कृष्णको मुक्तिनाथ मुक्तिनाथको वालकृष्ण जिम्मा १९९१ सालको पाखोतर्फको मोठ लगत उतार बमोजिम मोठ. नं. २ ९९ द.नं. ६४ बृहष्पती जैसीको नाउँमा साविक दर्ता भएको, २०३२ सालसम्मको तिरो ऋषिराम सिग्देलका नामबाट तिरेको, भु.सु. ७ नं. फाराममा क्र.स. ९ मा मेरा बाबु धनपति सिग्देलका नामबाट लगत दिएको सर्भे नापीमा आर्वा बडा नं. ४ को कि.नं. १३७ क्षे.फ. १-१०-१-० बिरहमा खर किसिममा चाहार भएको १ कित्ता जग्गा फिल्डबुकमा ऋषिराम सिग्देलको नाउँमा र फिल्डबुकको कैफियत महलमा ऋषिराम सिग्देल, टिकाराम सिग्देल जनिएको र टिकाराम सिग्देलका हकवाला एकमात्र छोरा लिलानाथ सिग्देलले सो जग्गा ऋषिराम सिग्देलको नै माटोमुरी तिरो भरो हकभोग भएको जग्गा हो मेरो कुनै दावा विरोद छैन भनि पोखरा म.न.पा. वडा नं. १३ को च.नं. ६३ मिति २०८२।०४।०८ को बडा सिफारिस पत्रमा खुलिआएको र लिलानाथ सिग्देलले हकदावी छोडपत्र समेत गरेकाले मेरा नाउमा नापनक्सा भई दर्ता छुट हुन गएको, मैलै नै हालसम्म भोगचलन आवाद कमोद गर्दै आईरहेको मेरो नाउँमा रहेको उक्त जग्गाको हकदार म नै रहेको हुँदा मेरो नाउँमा छुट जग्गा दर्ता गरीपाउँ भनी कास्की जिल्ला साविक आर्वा विजय-४ हाल पोखरा म.न.पा. वडा नं. १३ बस्ने ऋषिराम सिग्देलले यस कार्यालयमा एकलौटी माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर बाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | आर्वा | ४ | १३७ | १-१०-१-० | खर | चाहार | ऋषिराम सिग्देल |

ईति संवत २०८२ साल साउन २७ गते रोज ३ शुभम् ।

**सेदी पावर कम्पनी लिमिटेड**
**कास्की जिल्ला पोखरा मनपा वडा नं. ५, मालेपाटन**
**सम्पर्क नं. ९८४६५१७६६६**
इमेलः saidihydro@yahoo.com

**दोश्रो बार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति २०८२।०४।२८

यस कम्पनीको मिति २०८२ साल साउन महिना २६ गते सोमबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको **दोश्रो वार्षिक साधारण** सभा देहाय बमोजिमको मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा पारित गर्न बस्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय तथा स्थान :**
सभा हुने मिति : २०८२।०५।१८
समय : बिहान १०:०० बजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ५, मालेपाटन

**छलफलको लागि पेश गरिने विषयहरू:**

**क) साधारण प्रस्तावहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को वासलात, नाफा नोक्सान बाँडफाँड हिसाब, सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. आर्थिक वर्ष २०८२/०८३ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु :**
१. कम्पनीको पूँजीको संरचना परिवर्तन तथा पुँजी वृद्धि गर्न प्रबन्धपत्र संशोधन गर्ने विशेष प्रस्ताव सम्बन्धमा ।
२. हकप्रद शेयर वा जगेडा शेयर जारी गर्ने, सोको माग गर्ने तथा बाँडफाँड गर्ने सम्बन्धमा सम्पूर्ण प्रकिया सञ्चालन गर्ने अधिकार सञ्चालक समितिलाई प्रदान गर्ने प्रस्ताव सम्बन्धमा ।
३. प्राथमिक सार्वजनिक निष्काशन (IPO) जारी गर्ने सम्बन्धमा ।
४. प्राथमिक सार्वजनिक निष्काशन (IPO) बाट प्राप्त रकम ऋण तिर्ने सम्बन्धमा ।
५. कम्पनीलाई प्राथमिक सार्वजनिक निष्काशन (IPO) गर्ने सम्बन्धमा नियमनकारी निकायले प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न, फेरबदल, संशोधन, परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोहि अनुरुप आवश्यक समायोजन गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ख) विविध :**

सञ्चालक समितिको निर्णय बमोजिम
**कम्पनी सचिव**